आज मिति २०७९ साल असार २६ गते आईतबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ४ (चौथो) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री राजन पौडेल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. अघिल्लो कार्यकालको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

३. नवनिर्वाचित जनप्रतिनिधिज्यूहरुको बैंक खाता विवरण आर्थिक प्रशासन शाखामा उपलब्ध गराउने सम्बन्धमा।

४. आर्थिक वर्ष २०७९/०८० को लागि विनियोजन भएको वडागत सिलिंङ्बाट वडागत योजना तथा कार्यक्रमहरु पेश गर्ने सम्बन्धमा।

५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. डिजीटल नापी गर्ने सम्बन्धमा।

२. फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने सम्बन्धमा।

३. नगर शिक्षा समिति पुनर्गठन गर्ने सम्बन्धमा।

४. म्याद थप गर्ने सम्बन्धमा।

५. अख्तियारी दिने सम्बन्धमा।

६. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

७. विविध।

निर्णयहरु:

निर्णय नं. १:

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख भए अनुसार नगरपालिका भित्र रहेका सम्पूर्ण जग्गाहरुलाई थप व्यवस्थित तथा डिजिटलाईज गर्न तत्काल आवश्यक भएको हुँदा सम्पूर्ण जग्गाहरुको डिजीटल नापी गरी डिजिटलाईज गर्न नेपाल सरकार, भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र सो अन्तर्गतका कार्यालय, बागमती प्रदेश सरकार लगायतका सम्बन्धित निकायलाई सो कार्य प्रारम्भ गर्न अनुरोध गर्ने।

निर्णय नं. २:

नमोबुद्ध नगरपालिका क्षेत्रबाट निस्कने फोहोरहरुको वैज्ञानिक तथा उचित ढंगले दिगो रुपमा व्यवस्थापन कार्य गर्नका लागि ०७ नम्बर वडा कार्यालयको प.सं. २०७८/०७९, च.नं. ११८६, मिति २०७९/०३/२६ गतेको फोहोरमैला व्यवस्थापन सम्बन्धी विषयको पत्र साथ प्राप्त कागजातका आधारमा

क्षेत्रमा फोहोरमैला व्यवस्थापन केन्द्रको रुपमा क्रमशः पूर्वाधारहरुको निर्माण गर्ने र सो क्षेत्रका नगरबासीहरुलाई लक्षित गर्दै अन्य आवश्यक पूर्वाधार विकासका कार्यहरु क्रमशः निर्माण गरिदै लगिने।

<u>निर्णय नं. ३:</u>

नमोबुद्ध नगरपालिकाको पहिलो नगर सभाको मिति २०७७/१०/१९ गते बसेको आठौं अधिवेशनको दोश्रो बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको शिक्षा संचालन, व्यवस्थापन तथा नियमन ऐन, २०७७ को परिच्छेद-४ को दफा २४. बमोजिम परिच्छेद-४ को दफा २५. बमोजिम काम, कर्तव्य र अधिकार रहने गरी तपशिलको नगर शिक्षा समिति पुनर्गठन गर्ने।

तपशिलः

| | |
|---|---|
| १. नगर प्रमुख श्री कुनसाङ लामा | - संयोजक |
| २. ~~आर्थिक~~ सामाजिक विकास समिति संयोजक तथा वडा अध्यक्ष श्री विर बहादुर लामा | - सह-संयोजक |
| ३. वडा अध्यक्ष श्री धर्म सिं लामा | - सदस्य |
| ४. कार्यपालिका सदस्य श्री शुसिला परियार | - सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ६. माध्यामिक तहका प्रधानाध्यापक श्री दिनेश प्रसाद अधिकारी | - सदस्य |
| ७. आधारभूत तहका प्रधानाध्यापक श्री तुलसा घिमिरे | - सदस्य |
| ८. शिक्षकहरु मध्येबाट श्री पन्च सिं लामा | - सदस्य |
| ९. संस्थागत विद्यालयको प्रतिनिधि श्री अमृत खनाल | - सदस्य |
| १०. विद्यालय व्यवस्थापन समितिबाट २ जना (पछि तोकिने) | - सदस्य |
| ११. समाजसेवी तथा शिक्षाप्रेमी/शिक्षाविदहरुबाट १ जना (पछि तोकिने) | - सदस्य |
| १२. समाजसेवी तथा शिक्षाप्रेमी/शिक्षाविद्हरुबाट श्री मिना लामा | - सदस्य |
| १३. शिक्षक महासंघको प्रमुख | - पदेन सदस्य |
| १४. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य-सचिव |

<u>निर्णय नं. ४:</u>

प्रथम नगर सभाको दशौं अधिवेशनबाट आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएको बागमती प्रदेश सरकारको समपुरक अनुदानमा आर्थिक वर्ष २०७८/०७९ मा बोलपत्र मार्फत दाप्चा बसेरी सडक PHASE-II-NMUN/NCB/WORK/078/079-13 को मिति २०७८ साल पौष १ गते सम्झौता भई निर्माण

व्यवसायी श्री दि लालीगुराँस निर्माण कम्पनी प्रा.लि.बाट काम सुचारु भएकोमा काम सम्पन्न गर्ने अवधि २०७९ असार २५ गते सम्म रहेकोमा स्थानीय तह सदस्य निर्वाचन,२०७९, हाल भई रहेको अविरल वर्षा साथै PHASE I को काम संचालनले गर्दा नगरपालिकाले तोकेको समयसीमा भित्र काम सम्पन्न गर्न नसकिएको भनि निर्माण व्यवसायी श्री दि लालीगुराँस निर्माण कम्पनी प्रा.लि.ले मिति २०७९/०३/१४ गते म्याद थपको लागि यस नगरपालिकामा निवेदन दर्ता गरेको र निर्माण कार्य भईरहेको स्थालमा निरीक्षण गर्दा सम्बन्धित निर्माण व्यवसायीबाट सम्झौता बमोजिम निर्माण स्थलमा कालोपत्रे गर्नका लागि Basework समेत राखेको तर अविरल वर्षाका कारणले कालोपत्रेको कार्य गर्न नसकेको र काम सम्पन्नको लागि सक्दो प्रयास गरेकोले सार्वजनिक खरिद नियमावली (बाह्रौं संशोधन) को नियम १२० को थप नियम १२०क. बमोजिम बढीमा ३ महिनाको लागि नियामानुसार म्याद थप गर्ने र श्रोत सुनिश्चिताको लागि बागमती प्रदेश सरकार लगायतका निकायमा अनुरोध गर्ने।

<u>निर्णय नं. ५:</u>

यस नमोबुद्ध नगरपालिकाको दैनिक प्रशासनिक कार्य संचालनका लागि विभिन्न मितिमा करार सम्झौता तथा ज्यालादारीमा नियुक्त भई कार्यरत कर्मचारीहरुको मिति २०७९ असार मसान्तसम्म मात्र म्याद थप भएको सन्दर्भमा नगरपालिकाले आवश्यकता र औचित्यका आधारमा नगरपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नका लागि कर्मचारीहरुको म्याद थप तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि नगर प्रमुखलाई अख्तियारी दिने।

<u>निर्णय नं. ६:</u>

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु:

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।
२. विधायन समितिका संयोजक श्री टिका बहादुर के.सी.ज्यूबाट मिति २०७९/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको प्रथम नगर सभाको मिति २०७७/१०/१९ गते बसेको अधिवेशनबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ माथि तपशिल बमोजिमको संशोधन प्रस्ताव दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

तपशिल

| क्र.म. | ऐनमा भएको व्यवस्था | संशोधन गर्नुपर्ने (खण्ड) | कायम गर्नुपर्ने खण्ड | संशोधन तथा थप गर्नुपर्ने व्यहोरा (कारण) | कैफियत |
|---|---|---|---|---|---|
| १ | परिच्छेद-३ को दफा ५ को उप-दफा (५) | (५) दफा ५. उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ। | युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ। | नगरपालिका भित्रका युवाको क्षेत्रमा सकृय व्यक्तिलाई नगर युवा परिषद्को कार्यकारी उपाध्यक्ष नियुक्त गर्न | |

३. नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट मिति २०७९/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

४. सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट मिति २०७९/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०७९ दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

५. विद्यायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट मिति २०७९/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न

बनेको विनियोजन विधेयक, २०७९ दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

६. नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट मिति २०७९/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को यथार्थ र आगामी आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्यय विवरण सहितको वार्षिक विकास योजना (बजेट तथा कार्यक्रम (बजेट वक्तव्य), २०७९ संशोधन सहित दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

७. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ जेष्ठ १९ गते देखि २०७९ असार २६ सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

८. नमोबुद्ध नगरपालिकाको मिति २०७९ जेष्ठ १९ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूको संयोजकत्वमा गठन गरिएको न्यायिक समिति र मिति २०७९ असार ३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार गठन भएका सम्पूर्ण विषयगत लगायतका समितिहरु अनुमोदनका लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

९. दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत (वार्षिक नगर विकास योजना) आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने गराउने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१०. नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ बाट अ.ल्या. भई चालु आर्थिक वर्ष २०७८/०७९ मा खर्च भएका र आर्थिक वर्ष २०७८/०७९ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको विभिन्न शीर्षक तथा गत आर्थिक वर्षबाट अ.ल्या. भई आएका शिर्षकहरुमा २०७९ असार मसान्त सम्म खर्च भएको खर्चको फाँटबारी अनुसारका खर्च तथा खर्च प्रकृया र आर्थिक प्रगति विवरण अनुमोदनका लागि लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

११. प्रथम नगर सभाको दशौं अधिवेशनबाट आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरुलाई अनुमोदनका लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१२. यस नगरपालिकाको अन्तरिक लेखा परिक्षण शाखा कायम भई कर्मचारी पदपूर्ति भई सकेको हुँदा चालु आर्थिक वर्ष २०७८/०७९ को अन्तरिक लेखा परिक्षण सो शाखाबाट गराउने र सो शाखामा न्यून कर्मचारी रहेका कारण लेखा परिक्षण गर्न आवश्यक सहयोग चाहिएमा जिल्ला समन्वय समिति, कोष तथा लेखा नियन्त्रण कार्यालय र सम्बन्धित कार्यालयहरुलाई अनुरोध गर्ने।

१३. नगर सभाबाट निर्णय गर्नुपर्ने विषय तर तत्कालै निर्णय गरी निकास लिनुपर्ने अवस्था भएमा र तत्काल नगर सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत नगर प्रमुखज्यूको समन्वयमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने र यसरी निर्णय गरिएका सम्पूर्ण विषय अनुमोदनको लागि तत्पश्चात बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी अख्तियारी दिनका लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१४. नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को महालेखा नियन्त्रण कार्यालयबाट प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन छलफलका साथ स्वीकृत गरी सो प्रतिवेदन कार्यान्वयन गर्ने।

१५. आगामी आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट कुनै शिर्षकमा एकमुष्ट विनियोजन भएको भए गठित विषयगत समितिबाट बजेट बाँडफाँड गर्ने र सो बाँडफाँड भएका बजेट तथा कार्यक्रम स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजित गर्नका लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१६. आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रममा कुनै पनि शिर्षकहरुमा रहेको अवण्डा बजेट तथा यस आर्थिक वर्ष भित्र कुनै प्रकारको एकमुष्ट बजेट प्राप्त भएमा वा कुनै निकायबाट त्यस्तो बजेट तथा कार्यक्रम प्राप्त भएमा त्यो बजेट बाँडफाँड तथा योजना छनोट गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१७. नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित नमोबुद्ध नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, प्रदेश सरकार, संघीय सरकार लगायतमा भष्ट्राचारमुक्त समृद्ध नमोबुद्ध नगरपालिका निर्माणमा आवश्यक सहयोग गर्नु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने।

१८. नमोबुद्ध नगरपालिकाको दोश्रो नगरसभाको पहिलो अधिवेशन सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, प्राज्ञिक व्यक्तित्वहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।